मेरो साप्ताहिक

मचा साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ८ • पूर्णांक : २०७ • वि.सं. २०८० पुस २४ मंगलवार • ने.सं. ११४४ थिंलागाः त्रयोदशी • 2024 January 9 • पृष्ठ ८ • मूल्य रू. १०।-

स्थानीय सरकारमा स्थानीय नेतृत्व हुनुपर्छ : पूर्वमेयर शाक्य
बागमति प्रदेश सञ्चार माध्यमप्रति सकारात्मक : मा. हरिप्रभा

• सुनिता महर्जन

काठमाडौं/स्थानीय सरकार भने स्वायत्त शासनको अनुभूति गर्ने व्यवस्था भएका स्थानीय सरकारको नेतृत्वमा स्थानीय व्यक्ति नै हुनुपर्ने काठमाडौंका पूर्वमेयर विद्यासुन्दर शाक्यले बताउनु भएको छ।

मेरो साप्ताहिक प्रकाशनको २०० अंक पूरा भएको अवसरमा आयोजित कार्यक्रममा शुभकामना व्यक्त गर्नुहुँदै उहाँले यस्तो धारणा राख्नुभएको हो। उहाँले २०७९ सालमा भएको निर्वाचनमा स्थानीय नभई आगन्तुकले जितेका कारण अहिले स्थानीय सरकारमै काठमाडौंका जनताको पहुँच नपुगेको बताउँदै स्थानीय समस्याको सम्बोधनका लागि स्थानीय सरकारमा स्थानीय मानिसकै नेतृत्व हुनुपर्ने बताउनु भएको हो।

उहाँले पछिल्लो समय मेयर बालेन शाहले न्यूरोड गेटदेखि जुद्धसडकसम्मको बाटोमा फुटपाठ फराकिलो गर्ने नाममा बाटो साँघुराउन लागेको र यसले स्थानीय व्यापारीहरुलाई मर्कामा पार्ने बताउनु हुँदै यस सम्बन्धमा आफूले बुझ्न खोज्दा समेत सही र तथ्यपरक जानकारी प्राप्त हुन नसकेको बताउनु भयो। न्यूरोडमा बाटो साँघुरो पार्नाले त्यहाँको व्यापार व्यवसायमा नै असर पर्ने र यसले स्थानीयबासिन्दाहरुलाई

समेत असर पर्ने उहाँको जिकिर थियो।

उहाँले स्थानीय समुदाय जात्रा पर्वमा मात्र केन्द्रीत नभई आर्थिक र राजनीतिक रुपमा समेत जागरुक हुन आवश्यक रहेको पनि बताउनु भयो।

कार्यक्रममा विशेष अतिथिका रुपमा उपस्थित हुनुभएका बागमती प्रदेशसभा सदस्य मा. हरिप्रभा खड्गी श्रेष्ठले शुभकामना दिनुहुँदै पत्रिकाको सफलताका लागि आफ्नो तर्फबाट सहयोग गर्ने बताउनु भयो।

उहाँले काठमाडौंका स्थानीय जनताले प्रयोग गर्दै आइरहेको टुँडिखेलमा अहिले फुटबल ग्राउण्डका साथै टेबलटेनिसको निर्माण गरिन लागेको र त्यहाँको प्राकृतिक चौरमा ढुंगा विछ्याएर त्यसपछि प्लाष्टिकको कार्पेट राख्ने योजना रहेको जानकारीमा आएको बताउनु हुँदै यसले काठमाडौंको धार्मिक, सांस्कृतिक तथा जनजीवनसँग जोडिएको टुँडिखेलको मौलिकता नै नष्ट हुने भएका कारण यस्तो हुन नदिन वडाध्यक्षहरुको ध्यानाकर्षण गराउनुभयो।

उहाँले बागमती प्रदेश सरकार सञ्चार माध्यमप्रति सकारात्मक रहेको बताउनु हुँदै बागमति प्रदेश सरकारले सञ्चार माध्यमका लागि बजेटको व्यवस्था गरेको जानकारी दिन कार्यक्रममा प्रमुख अतिथिका रुपमा आउनु भएका संस्कृति पर्यटन तथा सहकारी मन्त्री मा. पुकार महर्जनले जानकारी गराइ दिन आफूलाई बताएको बताउनु भयो।

मेरो साप्ताहिक पत्रिका प्रकाशनको २०० अंक पुरा भएको अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथिका रुपमा उपस्थित हुनुभएका मा. पुकार महर्जन कीर्तिपुरमा श्वेतकालीको १२ वर्षे नाचको स्वागतका लागि पुग्नु पर्ने भएका कारण कार्यक्रमको उद्घाटन गरी विदा हुनुभएको थियो।

कार्यक्रमकै बिचमा तीन विशिष्ट व्यक्तित्वहरुलाई विभिन्न पुरस्कारहरु प्रदान गरिएको थियो। जसमा भाइकाजी रत्नदेवी पत्रकारिता पुरस्कारबाट पन्नारत्न महर्जन, हरिनारायण-सानुनानी स्मृति समाजसेवा पुरस्कारबाट त्रिरत्न मानन्धर र चैत नारायण स्मृति नेपालभाषा संस्कृति अनुसन्धान पुरस्कारबाट सृजना सिंहलाई पुरस्कृत गरिएको थियो।

पुरस्कृत तीनै जनालाई दोसल्ला, प्रमाणपत्रका साथै नगद ५-५ हजार प्रदान गरिएको थियो। पुरस्कृत तीनै जनाले मेरो साप्ताहिकको कोष वृद्धिका लागि सो नगद प्रदान गर्नुभएको थियो।

कार्यक्रममा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का उपाध्यक्ष अमरध्वज लामा, नेपाल पत्रकार महासंघ उपत्यका विशेष प्रदेशका अध्यक्ष सृजन भा, ज्यापु संस्कृति विकास कोषका अध्यक्ष मंगलकृष्ण सिंह, हलिं नेवाः दबू नेपाः च्याप्टरका अध्यक्ष सुरेन्द्रभक्त श्रेष्ठ, नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठ, गोरखापत्र संस्थानका सल्लाहकार सम्पादक उपेश महर्जन, कामनपा १२, १५ र १८ वडाका अध्यक्ष बालकृष्ण महर्जन, ईश्वरमान डंगोल र न्हुछेकाजी महर्जनले पत्रिकालाई सहयोग पुऱ्याउँदै आउनुभएका महानुभावहरुलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

मेरो साप्ताहिकका सम्पादक रत्नकाजी महर्जनको सभापतित्वमा भएको कार्यक्रममा सहसम्पादक विजय सिंहले स्वागत तथा व्यवस्थापक नहकूल महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रम फोटोसम्पादक प्रविन महर्जन प्रजापतिले संचालन गर्नुभएको थियो भने नेवाः सांस्कृतिक पुचःका कलाकाहरुले सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो।

हार्दिक कृतज्ञता तथा बधाई

यस मेरो साप्ताहिकको २०० अंक विशेष कार्यक्रम सफल पार्नका लागि हामीलाई स्थान उपलब्ध गराई सहयोग गर्नुहुने स्वयम्भू बैंक्वेट, लोगो अंकित मायाको चिनो तयार पार्न सहयोग गर्नुहुने वरिष्ठ कलाकार पञ्चरत्न डंगोल, पुरस्कारदाताहरु भाइकाजी महर्जन, रत्नदेवी महर्जन, कृष्णनारायण महर्जन, राममाया महर्जन तथा कार्यक्रमलाई आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। साथै यसवर्षबाट सुरु गरिएको भाइकाजी रत्नदेवी पत्रकारिता पुरस्कार ग्रहण गर्नुहुने पन्नारत्न महर्जन, हरिनारायण-सानुनानी स्मृति समाजसेवा पुरस्कार ग्रहण गर्नुहुने त्रिरत्न मानन्धर र चैत नारायण स्मृति नेपालभाषा संस्कृति अनुसन्धान पुरस्कार ग्रहण गर्नुहुने सृजना सिंहज्यूप्रति पनि कृतज्ञताका साथ हार्दिक बधाई ज्ञापन गर्दछौं।

मेरो साप्ताहिक पत्रिकालाई जीवन्त बनाउनका लागि निरन्तर एवम् विभिन्न अवसरमा विज्ञापन दिनु हुने विज्ञापनदाता, लेखरचनाहरु उपलब्ध गराउनु हुने लेखक एवम् सम्पूर्ण शुभचिन्तकहरुबाट यसरी नै निरन्तर सहयोगको अपेक्षाका साथ कृतज्ञता ज्ञापन गर्दछौं।

राष्ट्रियताको लागि समर्पित

मेरो साप्ताहिक

मचा साप्ताहिक Mero Saptahik

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

परम्परा संरक्षकको संरक्षण आवश्यक

नरदेवी श्वेतकाली अजिमाको १२ वर्षे नाचका क्रममा यसपटक एक अनपेक्षित घटना घट्यो। देवगणका एक प्रमुख पात्र भैरवको नाचकै क्रममा भएको निधनले धार्मिक आस्था राख्ने जनमानसमा एक किसिमको त्रास छाएको छ भने यसलेदेशमा नै कुनै अनिष्ट हुने त होइन भन्ने आशंका पनि उनीहरुले व्यक्त गर्न थालेका छन्। प्राप्त सूचनालाई आधार मान्ने हो भने देवगणका प्रमुख पात्र भैरवले नाच सुरु हुनु पूर्व बिहानै आफूलाई असजिलो अनुभव भएको बताएका थिए। तर कसैले पनि उहाँलाई नाच्दानाच्दै हृदयाघात होला भन्ने सोचेका थिएनन्। उहाँ ललितपुरको कार्तिक नाच डबलीमा नाच प्रस्तुत गर्ने क्रममा नै ढलेको प्रत्यक्षदर्शीहरुको भनाइ रहेको छ। यसैगरी देवगणका अर्का पात्र ब्यांगिनी पनि नाचकै क्रममा अस्वस्थ भएपछि नाच बिचमै त्यागेर घर फर्किएको र उहाँमा उच्चरक्तचापको समस्या देखिएको बताइएको छ।

हाम्रा धार्मिक सांस्कृतिक परम्पराहरु देश तथा जनताको हित होस्, उनीहरुले असल शिक्षा प्राप्त गरी देशको विकासमा योगदान दिन सकोस् भन्ने उद्देश्यले खराबमाथि असलको विजय गराई मञ्चन वा प्रदर्शन गर्ने गरिँदै आएको छ। उपत्यकामा प्रदर्शन गरिने प्रायः परम्परागत नाचहरुको एउटै उद्देश्य समाजमा सुशान्ति तथा सुव्यवस्था कायम गर्नु नै हुन्छ। परम्परागत नाचहरु धार्मिक विश्वास र आस्थामा आधारित रहेको पाइन्छ।

विभिन्न देवीदेवताहरुको साधना गरेर प्रदर्शन गरिने यस्ता नाचमा देवगणका सदस्यमा साँच्चिकै अलौकिक शक्तिको प्रवेश हुन्छ भन्ने जनविश्वास रहेको छ। यस्तो अवस्थामा नरदेवी श्वेतकालीको १२ वर्षे नाचका क्रममा घटेको घटनाले के सन्देश दिन्छ र यसले कस्तो परिणाम ल्याउँछ त्यो छलफलको विषय हुनसक्छ। तर परम्पराको संरक्षणका लागि आफ्नो जीवन अर्पण गर्ने व्यक्तिलाई राज्यले कुन रुपमा हेरेको छ भन्ने पनि अत्यन्त गहन प्रश्न रहेको छ। देवगण तथा नाचसँग सम्बन्धित व्यक्तिहरुको स्वास्थ्यका लागि राज्यले दायित्व बहन गर्नुपर्छ कि पर्दैन ? परम्परालाई जीवन्त राख्नु आवश्यक छ, जसले हाम्रो पहिचानलाई जीवन्त बनाउन मद्दत पुऱ्याउँछ। तर के यसरी परम्पराका लागि समर्पितहरुको जीवन रक्षाको लागि सम्बन्धित गुथि तथा तीनै तहको सरकारले पहल गर्नु आवश्यक छ। परम्परालाई जोगाउनका लागि यसलाई संरक्षण गरिरहेकाहरुको पनि संरक्षण गर्नु जरुरी छ।

मेरो साप्ताहिक २०० अंकको यात्रा

✍ रत्नकाजी महर्जन

ने.सं. ११३९ कौलाथ्व तृतिया (असोज १४ गते) मंगलवारका दिन दशैं अवसरमा राष्ट्रियताको लागि समर्पित भन्ने नाराका साथ एउटा नयाँ पत्रिका बजारमा पुग्यो। पत्रकारिता क्षेत्रमा लामो समयको अनुभव भए पनि यो पत्रिका आफ्नै व्यवस्थापन र सम्पादनमा प्रकाशनको पहिलो पाइला नै थियो। यसअघि विभिन्न पत्रिकाहरुमा गरेको कामको अनुभवलाई अब नयाँ ढंगबाट प्रस्तुत गर्नुपर्छ भन्ने भावनाका साथ मेरो साप्ताहिक पत्रिकाको सुरुवात भयो। त्यतिबेला यो यात्रा कहाँसम्म अगाडि बढ्ला भन्ने कुनै हेक्का थिएन। पत्रपत्रिकाहरु बजारमा आउने र बन्द हुने कुनै नौलो कुरा होइन। यसमा पनि संस्थागत रुपमा प्रकाशन भएका पत्रपत्रिकाहरुसँग प्रतिस्पर्धा गर्नु सजिलो थिएन। तर स्थानीय समुदायलाई लक्षित गरी सुरु गरिएको यो प्रयासमा धेरै सहयोगी हातहरुको साथ र सहयोग रह्यो र आज मेरो साप्ताहिक २०७ अंकमा पुगेको छ।

मेरो साप्ताहिक
Mero Saptahik
समक्ष महरामाझि गौंडुरावारको आरोप
कपोल कल्पित मञ्चको समक्ष्मको मनाइ
शुभकामना
Balloon NEPAL
नेपालिहरुको महान पाडं बडा दशैंको पावन अवसरमा
सम्पुर्ण नेपालीहरुको सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै
नयाँ प्रकाशित पत्रिका मेरो साप्ताहिक को
सफलताको कामना गर्दछौं ।
स्वयम्भू ब्याडल्युटेट परिवार
भद्रकाली, स्वयम्भू, काठमाडौं ।

यसै क्रममा गत शुक्रवार हामीले २०० अंक पूरा भएको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गर्दै तीन जनालाई पुरस्कृत र १३० जना सहयोगीहरुलाई धन्यवाद स्वरुप मायाको चिनो प्रदान गर्न सफल भयौं।

मेरो साप्ताहिकको सुरुवातका लागि यस पत्रिकाका सहसम्पादक विजय कुमार सिंह, प्रेस व्यवस्थापक नविन सिंह र व्यवस्थापक नहकूल महर्जनको विशेष साथ र सहयोग रह्यो भने प्रमुख संवाददाता सुनिता महर्जनले पहिलो अंकदेखि नै समाचार संकलन तथा तयार पार्ने तथा लेख रचनाहरुको संकलन तथा लेखनमा सहयोग गर्नुभयो। फोटो सम्पादक प्रबिन महर्जन प्रजापतिले पनि आफ्नो क्षेत्रबाट उत्तिकै सहयोग गर्दै आउनु भएको छ। यस पत्रिकाको नाम मेरो साप्ताहिक भए पनि यो कसैको व्यक्तिगत पत्रिका नभई हामी सबैको हो।

कुनै पनि काम सुरु गर्नु जत्तिको सजिलो छ, त्यसलाई निरन्तरता दिनु उत्तिकै कठिन छ। नयाँ पत्रिका, नयाँ अनुहारले संचालन गरेको हुनाले होला सुरु सुरुमा त हामीलाई विज्ञापन लिन नै पनि कठिनाइको सामना गर्नुपऱ्यो। सुरुको अंक दशैंको अंक भएका कारण केही विज्ञापनहरु संकलन भए। तर पछिल्ला अंकहरुमा नियमित रुपमा विज्ञापनबाट रकम संकलन गर्न नसकिएपछि पत्रिका संचालनमा समस्या देखियो।

पत्रिका प्रकाशन सुरु भइसकेको थियो। अब रोक्ने कुरै थिएन। यसलाई पाठकसम्म पुऱ्याउन अनि विज्ञापन उठाउनका लागि व्यवस्थापक नहकुल महर्जन दिलोज्यानले लाग्नु भयो। उहाँकै परिश्रमले पत्रिकालाई केही स्थानीय व्यापारीहरुबाट नियमित विज्ञापन प्राप्त भएपछि हामीलाई प्रकाशन गर्नका लागि धेरै सजिलो भयो।

पत्रिकाले केही गति लिन थालेको मात्र के थियो, कोभिड-१९ को महामारीले विश्वलाई नै गाँज्यो। विश्व नै ठप्प प्राय भएको, अनि कुनै पनि माध्यमबाट सर्न सक्छ भन्ने कुरा आएपछि पत्रिका लिने र दिने सबै डराए। अनि हाम्रो वितरणको कार्य रोकिन पुग्यो। तर जनतालाई सुसूचित गराउनु पर्छ भन्ने मान्यतालाई अंगिकार गर्दै कोभिडको समयमा पनि पत्रिकाको प्रकाशनलाई हामीले रोकेनौं। सामाजिक सञ्जाल एवम् सूचना प्रविधिको प्रयोग गरी पत्रिकालाई आफ्ना पाठकहरुसम्म निरन्तर पुऱ्याउँदै आयौं।

कोभिडको समयमा हामीले विशेषतः स्वास्थ्यसँग सम्बन्धि समाचारलाई प्राथमिकता दियौं। अनि सकारात्मक सोचका साथ पत्रपत्रिकालाई ग्राहकहरुसम्म पुऱ्याउँदै आयौं। तर कागजबाटै पनि सर्न सक्छ भन्ने हल्लासँगै पत्रिकाको ग्राहक संख्या भने घट्न गयो।

कोभिडका कारण व्यापार व्यवसायहरु ठप्प भएपछि विज्ञापनका द्वारहरु पनि बन्द हुन पुगे। यस्तो अवस्थामा काठमाडौं महानगरपालिकाले उपलब्ध गराएको सार्वजनिक हितको विज्ञापनले हामीलाई धेरै नै टेवा दिएको थियो। स्थानीय पत्रपत्रिकाहरुको संरक्षण गर्नुपर्छ भन्ने सोच भएका तत्कालीन मेयर विद्यासुन्दर शाक्य एवम् उपमेयर हरिप्रभा खड्गी श्रेष्ठको सदासयताका कारण नै हामीलाई त्यस मुस्किल समयमा पनि टिक्न सहयोग दिएको थियो।

नेपालमा अझै पनि सञ्चार माध्यम व्यावसायिक रुपमा सक्षम हुन सकेको छैन। स्थानीय सञ्चारको महत्वलाई राज्यले सही रुपमा बुझ्न नसक्नु अनि राष्ट्रिय पत्रिकालाई मात्र सरकारी विज्ञापनहरु प्राप्त हुनुले स्वरोजगारका रुपमा संचालनमा रहेका स्थानीय पत्रपत्रिका तथा सञ्चार माध्यमहरु समस्यामा छन्। नेपाल सरकारले पत्रकारहरुको न्यूनतम पारिश्रमिक तोकिदिएको छ। जुन समय अनुरुप परिमार्जन गर्दै आएको छ। तर लोककल्याणकारी विज्ञापनका रुपमा उपलब्ध गराउने रकम भने बजार मूल्य र समय परिस्थिति अनुरुपको नबन्दा हालको समयमा स्थानीय पत्रिकाहरु संचालनमा नै समस्या देखिएको छ। जुन मेरो साप्ताहिकले पनि भोग्दै आएको छ।

स्थानीय पत्रपत्रिकाको संरक्षणका लागि स्थानीय सरकारले निश्चित बजेटको नै व्यवस्था गर्ने र सार्वजनिक हितका विज्ञापन उपलब्ध गराई संरक्षण गर्नु आवश्यक रहेको छ।

२०० अंकको यात्रा सम्पन्न भएको अवसरमा समाजसेवी एवम् मेरो साप्ताहिकलाई माया गर्ने शुभचिन्तकहरुबाट विभिन्न पुरस्कारको पनि घोषणा गर्नुभयो। जसका लागि भाइकाजी-रत्नदेवी पत्रकारिता पुरस्कारका दाताहरु भाईकाजी महर्जन र रत्नदेवी महर्जन, हरिनारायण-सानुनानी स्मृति समाजसेवा पुरस्कारका दाता ज्यापु महागुथि नेपाःका उपाध्यक्ष एवम् समाजसेवी कृष्णनारायण महर्जन तथा चैत नारायण स्मृति नेपालभाषा संस्कृति अनुसन्धान पुरस्कारका दाता राममाया महर्जनप्रति कृतज्ञता व्यक्त गर्दछु। जे होस्, पाठक एवम् शुभचिन्तकहरुको साथ र सहयोगले मेरो साप्ताहिकले ४ वर्षको यात्रा पूरा गरिसकेको छ। यसका लागि विशेष धन्यवाद दिन चाहन्छौं। पछिल्लो समय देश आर्थिक मन्दिमा गइरहेको छ। यस अवस्थामा पनि हामीलाई निरन्तर नियमित विज्ञापन उपलब्ध गराउनु हुने सम्पूर्ण विज्ञापन दातालाई धन्यवाद दिन चाहन्छु।

२०० अंकको यात्राको क्रममा जति दुःख, अप्ठेराहरु आए त्यसमा यस पत्रिकाका सम्पूर्ण टीमको उत्तिकै साथ र सहयोग रहेको छ। मेरो साप्ताहिकको मुद्रणमा सहयोग गर्ने प्रिन्ट स्काईप्रति पनि विशेष आभार व्यक्त गर्दछु। यसका साथै एक महिनासम्म निःशुल्क पत्रिका छपाई गरेर सहयोग गर्ने इम्प्रेसशन अफसेट प्रेसका सानुकाजी महर्जनलाई धन्यवाद दिन चाहन्छु। साथै पछिल्लो समय छपाईमा सहयोग गर्ने अशोक विनायक प्रेस तथा वाणी मुद्रणालयलाई पनि हृदयबाट धन्यवाद छ। यसका साथै यस मेरो साप्ताहिक प्रकाशनका सम्पूर्ण टीमप्रति म आभार व्यक्त गर्न चाहन्छु।

फ्लाबिया महर्जनलाई मिस इको इन्टरनेशनल नेपालको उपाधि

• **मेरो संवाददाता**

काठमाडौं/ग्रीनआर्ट मिडियाको आयोजनामा सम्पन्न मिस इको इन्टरनेशनल नेपाल २०२४ को उपाधि काठमाडौंकी फ्लाबिया महर्जनले जितेकी छिन्। विजेता महर्जनलाई गत वर्षकी उपाधि विजेता रक्षा उप्रेतीले ताज पहिराई दिनु भएको थियो।

२१ वर्षीया फ्लाबिया महर्जनले अब इजिप्टमा हुने मिस इको इन्टरनेशनलको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नुहुनेछ।

उपाधि विजेता महर्जनले यो ब्युटी पेजेन्ट आफ्नो लागि राम्रो अवसर भएको प्रतिक्रिया दिनुभयो। उहाँले नेपालको संस्कृति र पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने बताउनु भएको छ।

आयोजक ग्रीन आर्टस मिडियायका कार्यकारी अधिकृत प्रवीण लाकौलले फ्लाबिया महर्जनले मिस इको इन्टरनेशनलमा नेपालको गरिमा बढाउने आशा व्यक्त गर्नुभयो।

आउँदो फेब्रुअरीमा हुने प्रतियोगितामा ६० भन्दा बढी देशको सहभागिता रहने जनाइएको छ।

अन्तर्राष्ट्रिय कोरियोग्राफर रोजिन शाक्यले नेपालको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाउनु निकै गौरवको विषय भएको बताउनुहुँदै उक्त अवसरको सदुपयोग गर्दै आफ्नो र देशको नाम उच्च राख्न महर्जनलाई सुझाव दिनुभयो।

मिस इको इन्टरनेशनल एक प्रतिष्ठित अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिता हो। जसको एल.टी.सि.पि.अर्गनाइजेशनले ब्युटी फर इको' जागृत गर्दै टुरिजम् र वातावरणको विषयलाई मुख्य कार्यक्षेत्र बनाई इजिप्टबाट २०१५ देखि सुरु गरेको हो। यसको मुख्य उद्देश्य विश्वभरका पर्यावरण र संस्कृतिलाई अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सूचना प्रवाह गर्ने रहेको छ।

पुस २७ गते भक्तपुर सङ्गीतमय हुने

• **बाबुकाजी श्रेष्ठ**

भक्तपुर/पुस २७ गते भक्तपुरमा साङ्गितिकमय हुने भएको छ। आज विराट नेपालभाषा साहित्य सम्मेलन गुथिद्वारा कार्यक्रममा गुथिका अध्यक्ष महेन्द्रगोपाल कर्माचार्यले जानकारी दिनुभयो।

भक्तपुरका विभिन्न साहित्यकार, कलाकार, संगीतकार एवं गायकार हरुको छलफल कार्यक्रममा पुस २७ गते स्टार बैंक्वेट साङ्गितिक कार्यक्रम हुने बताएको छ।

उपत्यकाका विभिन्न जिल्लाहरुबाट गीतकार, गायकार एवं कलाकारहरुको प्रस्तुत रहने अध्यक्ष कर्माचार्यले बताउनुभयो।

गुथिका सचिव प्रदिप शाक्यले कार्यक्रममा सहभागी हुन रू. ६ सयको टिकट पनि वितरण भइरहेको जानकारी दिदै सम्पूर्ण महानुभावहरु सहभागी हुन आग्रह गर्नुभयो।

विराट नेपालभाषा साहित्य सम्मेलन गुथि भक्तपुरको ऐतिहासिक संस्थाको रुपमा रहेको छ। गुथिले प्रत्येक वर्ष विराट नेपालभाषा साहित्य सम्मेलन गर्दै आएको छ।

सङ्गीत साधना सन्ध्याको चौथो श्रृंखला



• **मेरो संवाददाता**

काठमाडौं/ललितकला क्याम्पस, श्रीरामचन्द्र मन्दिर तथा श्रीरामचन्द्र निजी गुठीको संयुक्त प्रस्तुती सङ्गीत साधना सन्ध्याको चौथो श्रृंखला यही पुस २६ गते बिहीवार आयोजना हुँदैछ।

श्रीरामचन्द्र मन्दिर बत्तीसपुतलीमा हुने सो श्रृंखलामा कलाकारहरु प्रा. डा. धुबेश चन्द्र रेग्मी, यतिराज अधिकारी, अच्युतराम भण्डारी, अनन्त प्रजापती, मनमोहन थपलिया, साङ दोर्जे टिदुड, रबिन्द्र कुईकेल, अजय चौधरी, रोशन फुयाल, टासी थुन्दुप शेर्पा, अमृता अर्याल, अनु शर्माका साथमा हेल्लो किड्स स्कुलका कक्षा ३ का विद्यार्थीहरुको म्युजिकल ग्रूपको प्रस्तुति रहने आयोजकले जनाएको छ।

प्रोजेक्ट बाजाले बाह्रमासे धून लाइभ गर्ने

• **मेरो संवाददाता**

ललितपुर/प्रोजेक्ट बाजाले आज एक कार्यक्रमको आयोजना गर्दै काठमाडौं उपत्यका तथा नेवार समुदायले बाह्र महिनामा गाउँदै बजाउँदै आएको लोक गीत, धून तथा नृत्यको समायोजन गरी बाह्रमासे धून लाइभ प्रस्तुति तथा यसको महत्व उजागर गर्ने वृत्तचित्र प्रेमियर गर्ने भएको छ।

सो कार्यक्रममा सरोदवादक सुरेशराज बज्राचार्य, गायक सुमन कपाली, बेलावादक मिलन तण्डुकार, खिं, तबला, मादलवादक लक्ष्मी डंगोल, बेस गितार वादक फिरोज बज्राचार्य, खिं, धाः, नायःखिं, मादलवादक विपु श्रेष्ठ, बाँसुरीवादक स्वर्णिम महर्जन, सारंगीवादक किरण महर्जन, इफेक्टस्मा सनिष श्रेष्ठ, लक्की महर्जन, नगरावादक रोबितमान तुलाधर, गितारवादक सुजन डंगोल लगायतका कलाकारहरुको सहभागितामा सांगीतिक प्रस्तुति हुनेछ। वृत्तचित्र यिनै धूनहरुको बारेमा गहिरो अध्ययनसाथ ओबाशो फिल्मस्ले तयार पारेको आयोजकले जनाएको छ। यसको निर्देशक आवाशो शाक्य हुनुहुन्छ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनको प्रमुख आतिथ्य, काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनीता डंगोल, ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्य तथा भक्तपुर नगरपालिकाकाका उपप्रमुख रजनी जोशीको विशेष आतिथ्यमा ज्यापु प्रज्ञा भवनमा कार्यक्रम हुने आयोजकले जनाएको छ।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२
Newa FM 106.6 MHz
नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि–चच्छि
२४ घन्टा प्रसारण
बिश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
श्रम्रो पात्रो
नेपालभाषा एकेडेमिया निति
अनक मिडिया प्रा. लि.
न्यामासिमा, किप-२, ग्र.४बाखा।
फोन ल्याः ४३३७२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com



तस्वीर : प्रविण महर्जन/नविन सिंह

लिपांगु डिनर

✍ **रिता महर्जन "ऋतु"**

थौं जिपिं निम्हं लिपांगु डिनर नयाच्वना। ख जा ब्बनेकुथी गुंगू कि झिगू तगिमय् आखः ब्वनागु इलय् छगू बाखं ब्वनागु दु 'अन्तिम भोज'। थ्व बाखनय् कन्हय् संसार ध्वस्त जुइ धैगु बिचालं थौंया चान्हय् सकल मनूत संसारया लिपांगु भ्वय् धकाः नयाच्वनी। संसारया लिपांगु भ्वय् तसकं उत्साह व उमंगय् दुबिनाः लसतां भ्वय् सकसिनं नयाच्वनी।

तर थन जिमिगु खँ धाःसा पाः। थन सिर्फ लिपांगु डिनर जुयाच्वंगु दु, बस् व अले जि। छगू ई जिं वयात ख्यालं ख्यालं धैगु दु 'गुबलय् झीगु मित्रता क्वचाइ, उबलय् जिं छन्त डिनर याके। सायद जिपिं निम्हेसिया दथुइ च्वंगु मित्रताया साक्षी जुयाच्वंम्ह ल्वहंया द्यःयात नं जिमिगु डिनर स्वीकार्य जुल जुइ उकें जिगु मतिनाया ताँ कचिका चब्बुइ थें चब्बुत। धात्थें धायेगु खःसा वं हे जिगु मतिनाया ताँ चब्बुकेत छुं कसर मत्वःतूगु नं खः। जिपिं निम्ह निगू मेचय् फ्यतुनाः डिनर नयाच्वना।

व हे लिपांगु डिनरया नापनापं जिगु मतिना नं ह्वयाच्वंगु स्वां इवाः जुइ थें इवाः जुया वनाच्वन। जि तसकं विचलित जुयाच्वना, अय्नं वयात जिं विचलित जूगु आभास तकं मक्यना। न्ह्याथेसां जिं जिगु म्हुतुसी मन्द मुस्कान हे बियातया। तर थौं वयागु ख्वाः चकंगु खना। क्यान्डल लाइट डिनर, च्यानाच्वंगु मैनबत्ती न्ह्यःने वैगु ख्वाः न्हिलासुलिं भय्बिया च्वंगु बांलाक खनेदु। छाय्कि वैगु जीवनय् न्हूम्ह जीवन पासाया प्रवेश जुइत्यंगु दु। तर जि धाःसा मैनबत्ती च्यानाः ख्वयाच्वंम्ह मैन थें बाः वनाच्वना।

वं ला न्ह्याब्लें धाइगु, झी निम्ह बेस्ट फ्रेन्ड जकः खः धकाः ला, अय्नं वैगु हरेक खँय् जितः चुम्बकं विपरित ध्रुवीय सालाकाइ थें जितः नं सालीगु। व ला जि हे खः वैगु नितिं उइँ जुइ

थें जुयाम्ह। वं ला जितः बेस्ट फ्रेन्ड धाःसां गुबलय् जिं वैत ययेका, जिं हे मसिल। न व स्वार्थी खः, न वं जितः मतिनाय् धोका ब्यूम्ह हे खः। अय्नं थौं जिगु एकतर्फी मतिना देपय् च्यानाच्वन। फिसलय् वैगु चक्रवात धैगु फसं जिगु एकतर्फी मतिना ब्वयेका यंकाच्वन अले जिगु मतिनाया देहान्त जुयाच्वन, अन्त्य जुयावन।

जिपिं निम्ह वेस्ट फ्रेन्ड धाःसां जिं वयात ययेका च्वंगु दु धैगु ला वैत गन गन आभास नं मजूगु ला मखु जुइ उकें ला वं बारम्बार जितः धाइगु लुमं "छ जिगु मिले जूम्ह पासा मखुसे यःम्ह मिसा जूगु खःसा जिं छन्त हे इहिपाः यायेगु" थुलि खँ वं धाइबलय् जक नं व तसकं मछिं थें च्वनीम्ह धाःसा, वं जितः गथे छन्त ययेका धकाः धायेगु आँट याइ ? अय्नं जिगु नुगलं धाःसा धयाच्वनी "अरे..... छकः ला छं जि यः धकाः धया स्व ! छंगु निंतिं ला थ्व ज्यान हाजिर" तर वं थ्व फुक्क खँ फसय् ब्वयेका छ्वये थें ब्वयेका छ्वैगु जुयाच्वन।

थौं जिमिगु थ्व हे नां मदुगु मतिनाया अन्त्य जुगु दु। थ्व हे लसताय् जिपिं निम्ह लिपांगु डिनर नयाच्वना। डिनर क्वचाल, व छैं वने हथाय् चाःगु खना। वं जिगु ल्हाः ज्वनाः धाल "भीगु मित्रता ल्वःमंके मते न्हां।" जिं छु धायेगु ? जि अवाक जुयाः स्वयाच्वना वैगु ख्वाः। वं हानं धाल "वने न्हिं, जीवनया ई परिवर्तनसिल, छन्हु ला छ हानं छाय् नाप मलाइ ?" जिं छ्यं संका अले धया "छंगु न्हूगु जीवनया छन्त भिन्तुना, सायद जिं छन्त आवंलि गुब्लें नाप मलायेगु क्वःछिना।"

वं छुं मधाः। व थःगु बाइक गयाः थःगु छैं स्वयावन। जि नं थःगु छैंय् लिहां वया। जिमिगु मित्रता मतिना पारु खुन्हु न्ह्याःगु खः न्यादँ न्ह्यः तर थौं अमाइ जुयाच्वन। सर्गः छपातं हाकुसे। सर्गतय् पिलपिल त्वयाच्वंगु नगुत खना। जि कन्हय् सुथय्या ह्याउँगु निभाःया जः लुइगु आसं सर्गःया नगुत स्वयाः व चा जिं कते याना।



नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १११

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गिजिमिजि, अं.	१. ग्वः छुं सीमदुगु आखः।	कोरकार, केरमेर।
	२ बुलुगु, भुलुगु।	धमिलो, ठम्याउन नसकिने।
गिजिमिजि याये, क्रि. (त)	झ्याँय्झीं याये।	केरकार पार्नु, केरमेर गर्नु।
गितार, सं. (-गः)	सितार थें न्याःगु पेपु जक तार दुगु देसि बाजं।	गितार।
गिध्द, सं.	मसांभ्कंगः, ला नइम्ह इमा जातम्ह झंगः।	मर्ने जीवजन्तुको मासु खाने पंक्षी विशेष।
गिनाहा, सं.	यचु पिचुया अःखः।	घिनाहा, घिनलाग्दो मान्छे।
गिने, क्रि.	च्वेपाखे चिचि धंका यंके।	टुप्पोतिर मसिन्याउँदै लैजानु।

हलिं नेवाः गुथि गतिविधि

हनालिसें नेवाः भ्वय्

- **मेरो संवाददाता**

यैं/नेपाःया संविधान व भाषा आयोगया सिफारिस कथं बागमती प्रदेशय् नेपालभाषा व तामाङ भाषायात कामकाजि भाषा कथं लागू यायेत कानुन दयेकूगु लसताय् प्रदेश सांसद नापं थीथी भिम्ह नेवाः ब्यक्तित्वपिन्त हनापौ लःल्हाःगु दु।

शनिवाः यैंया पचलिइ जूगु ज्याइवलय् सांसदपिन्त सुभाय् देछायेगु नापं नेपालभाषाया नितिं थीथी थासं योगदान यानादीपिन्त हंगु खः।

ज्याइवलय् जनकवि दुर्गालाल श्रेष्ठ, ख्यालि जुजु मदनकृष्ण श्रेष्ठ, बाग्मती प्रदेशय् नेपालभाषा व तामाङ भाषायात सरकारी कामकाजि भाषा कथं लागू यायेगु नितिं विधेयक हयेकेगु नापं भाषा सम्बन्धी कानुन हयेगु नितिं जनस्तरं योगदान यानादीम्ह नापं पत्रकारिता ख्यलं योगदान यानादीम्ह श्रीकृष्ण महर्जन, नेवाः पत्रकारिता ख्यलं योगदान यानादीम्ह सुरेश किरण मानन्धर, संविधानसभाया दुजःलिसें बेपत्ता परिवारया जः रूपा महर्जन, रघुवरभक्त मानन्धर, सुजिता महर्जन, सुरेन्द्र तुलाधर, प्रेममान डंगोलयात नं अथे हनापौ लःल्हाःगु खः।

कृषि लिसे पशुपन्छि विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ मूपाहाँ जुयादीगु उगु ज्याइवलय् थीथी प्रदेश सांसदपिं नं पाहाँ कथं झायादीगु खः।

मूपाहां मन्त्री श्रेष्ठ, सांसदपिं हरिप्रभा खड्गी, बसन्त मानन्धर, नापं थीथी प्रदेश सांसदपिन्सं न्ववानादीगु खः। उगु हे कथं ज्याइवलय् सम्मानीत जुयादीपिंपाखें जनकवि दुर्गालाल श्रेष्ठ, ख्याली जुजु मदनकृष्ण श्रेष्ठ श्रीकृष्ण महर्जनं न्ववानादीगु खः।

बागमती प्रदेशं गुगु कथं भाषा सम्वन्धी कानुन दयेकल आः उगु हे कथं संघ सरकार व स्थानीय सरकारं नं कानून दयेका लागू याना वमेनमाःगु नापं नेपालय् सम्वत सम्वन्धि नं कानून दयेका न्ह्याः वनेमाःगु खँय् बः बियादीगु खः।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, शैंया आवश्यकता LAHANA WEEKLY वाःपो
खोजी खोजी पढौं।

राष्ट्रपति रनिङ्ग शिल्ड विश्व निकेतन स्कूललाई

• **मेरो संवाददाता**

काठमाडौं/तेस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा विश्व निकेतन माध्यमिक विद्यालयले १२ स्वर्ण पदकसहित प्रथम स्थान हासिल गरेको छ।

पुस १७ गतेबाट सुरु भएको प्रतियोगिताका विभिन्न खेलमा विद्यालयले १२ स्वर्णसहित २ रजत र २ कास्य गरी १६ पदक प्राप्त गरेको थियो।

शुक्रवार पदमकन्या माध्यमिक विद्यालय डिल्लीबजारमा शिक्षा विभागले आयोजना गरेको पुरस्कार वितरण तथा समापन कार्यक्रममा महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल, सामाजिक समितिका संयोजक रामकुमार के. सी., निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं शिक्षा अधिकारी सीताराम कोइरालाले पदक र शिल्डसहित विद्यालयलाई नगद ५० हजार पुरस्कार प्रदान गर्नुभयो।

कार्यक्रममा गएको बर्ष शिल्ड प्राप्त गर्ने बिजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयलाई शिल्डको रेप्लिका प्रदान गरिएको थियो।

प्रतियोगितामा ६ स्वर्ण, ३ रजत र ४ कास्य पदक प्राप्त गर्ने पद्मकन्या माध्यमिक विद्यालय डिल्लीबजार दोस्रो र ५ स्वर्ण, १३ रजत र ५ कास्य पदक प्राप्त गर्ने बिजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयले तेस्रो स्थान हासिल गरेका छन्। दोस्रो र तेस्रो स्थान हासिल गर्ने विद्यालयहरुलाई क्रमशः ४० हजार रुपैयाँ र ३० हजार रुपैयाँ सहित पुरस्कृत गरियो। ५ स्वर्ण, १ रजत र १ कास्य पदक हासिल गर्ने ज्ञानोदय माध्यमिक विद्यालयले सान्त्वाना स्थान हासिल गरेको छ।

कार्यक्रममा बोल्दै उपप्रमुख डंगोलले खेलमा सहभागी सबै खेलाडीले कुनै न कुनै रुपमा खेल जितेको बताउँदै खेलमा सफल हुनेहरु व्यवहार र आचरणमा असल हुन सुझाव दिनुभयो।

त्यस्तै सामाजिक समितिका संयोजक के. सी.ले महानगर स्तरमा जितेका खेलाडीहरुले जिल्ला स्तरमा हुने प्रतिस्पर्धामा पनि उत्कृष्ट नतिजा ल्याउनेमा विश्वाश व्यक्त गर्नुभयो।

निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं शिक्षा अधिकारी कोइरालाले, खेलमा सहभागी कोही पनि विद्यार्थीले नहारेको बताउनुभयो। खेलबाट जागृत भएको आत्मविश्वाशले आउँदा दिनका प्रतिस्पर्धामा आफूलाई अझ बलियो बनाउन सकिने उहाँको भनाइ थियो।

टी-२० विश्वकपमा नेपालको समूह डीमा

• **मेरो संवाददाता**

काठमाडौं/आउँदो जुन १ देखि २९ तारिखसम्म अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले शुक्रबार सार्वजनिक गरेको खेल तालिका र समूह विभाजन अनुसार नेपाल समूह 'डी' मा परेको हो।

नेपाल रहेको समूहमा दक्षिण अफ्रिका, बङ्गलादेश, श्रीलङ्का र नेदरल्यान्ड्स छ। समूह डीमा रहेको दक्षिण अफ्रिका, बङ्गलादेश र श्रीलङ्का टेष्ट मान्यता प्राप्त देशहरु हुन्।

नेपालले जुन ४ तारिख नेदरल्यान्ड्ससँग समूह चरणको पहिलो खेल खेल्दै विश्वकपको थालनी गर्नेछ। उक्त खेल अमेरिकाको डल्लासमा हुनेछ। नेपालले दोस्रो खेल जुन ११ तारिख श्रीलङ्कासँग अमेरिकाको फ्लोरिडामा, तेस्रो खेल जुन १४ मा दक्षिण अफ्रिकासँग सेन्ट भिन्सेन्टमा र अन्तिम खेल जुन १६ तारिख बङ्गलादेशसँग सेन्ट भिन्सेन्टमा खेल्ने तालिका छ।

टी-२० विश्वकपको समूह 'ए' मा भारत, पाकिस्तान,आयरल्यान्ड, क्यानडा र अमेरिका रहेको छ। समूह 'बी' मा इङ्ल्यान्ड, अस्ट्रेलिया, नामिबिया, स्कटल्यान्ड र ओमान तथा समूह 'सी'मा न्यूजिल्यान्ड, वेष्ट इण्डिज, अफगानिस्तान, युगान्डा र पपुवा न्युगिनी छन्। समूहका शीर्ष दुई टोली सुपर आठमा पुग्नेछन्। सुपर आठमा पुगेका टोलीलाई दुई समूहमा विभाजन गरी उक्त समूहमा शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। यसअघि विश्वकप जुन ४ देखि ३० तारिखसम्म सञ्चालन गर्ने मिति तय गरे पनि आइसिसीले पुनः मिति हेरफेर गरेको हो। विश्वकपको उद्घाटन खेल आयोजक अमेरिका र क्यानडाबीच जुन १ तारिख डल्लासमा हुनेछ।

माछापुच्छ्रे कप बुद्धिचालको उपाधि रविलाई

• **मेरो संवाददाता**

काठमाडौं/माछापुच्छ्रे वचत तथा ऋण सहकारी संस्थाको आयोजनामा मध्यपुर ठिमीमा भएको मध्यपुर नगरपालिका अन्तर साकोस माछापुच्छ्रे कप बुद्धिचाल प्रतियोगिताको उपाधि शंखधर साकोसका रवि श्रेष्ठले जित्नुभएको छ। उहाँले सातौं चरणको खेलमा ओस्ला साकोसका हरिचन्द्र होनासँग बराबरी खेल्दै ६ अङ्क जोड्नुभयो। उपाधिसँगै उहाँले १५ हजार रुपियाँ पुरस्कार पाउनुभयो। स्वीस लिग प्रणाली अनुसार दुई दिने प्रतियोगितामा ६ अङ्क नै जोड्नुभएका दर्पण साकोसका हेम भण्डारी दोस्रो हुनुभयो। उहाँले १० हजार रुपियाँ पुरस्कार पाउनुभयो। हरिचन्द्र होना तेस्रो हुनुभयो। उहाँले सात हजार रुपियाँ पुरस्कार पाउनुभयो। माछापुच्छ्रे साकोसका सुन्दर श्रेष्ठ चौथो र किसान साकोसका जेन श्रेष्ठ पाँचौं स्थानमा रहनुभयो। शीर्ष १० मा रहने खेलाडीलाई नगद पुरस्कार प्रदान गरिएको थियो।

मेरो साहित्य

नमाग तिमी माया

✍ **सरीना बज्राचार्य**

नमाग तिमी माया
नगर तिमी आशा
यहाँ पाउँने छैन केही
नगर तिमी अपेक्षा
दिन म सक्दिन केही

आँसुले भरिएको आँखा
तृष्णाले भरिएको भाव
हेर्न म सक्दिन कठै
नगर बिन्ति दुई हात जोडी
दिन म सक्दिन केही

नदेऊ मलाई मनको घाउ
छैन यहाँ कुनै उपचार
सहन सक्दिन कडापि
दुई थोपा आँसु लुकाउ कहाँ
दुई मुठ्ठी माया राखौं कसरी
दिन म सक्दिन केही

नमाग तिमी माया
नगर तिमी आशा
यहाँ पाउँने छैन केही
नगर तिमी अपेक्षा
दिन म सक्दिन केही।

कुन जन्मको ऋण हो यो ?

✍ **लक्ष्मी सुन्दरी शाक्य**

कहाँ र कहिले टुंगिने होला?
के छ र यहाँ आफ्नो भन्ने
को छ र यहाँ आफ्नो थान्ने
कुन जन्मको ऋण हो यो

भन्छन् यहाँ माया, प्रित, प्रेम ठूलो
प्रियसी मोह अजर अमर
कुन जन्मको ऋण हो यो

कुन नाता ठूलो साँच्चै अमूल्य
रगतको नाता माया अमूल्य
मैले त थाने सबै नाता अमूल्य
तर हुँदो रहेछ आफै पराए
कहाँ र कहिले टुंगिने होला
कुन जन्मको ऋण हो यो ?

अनुरोध

आदरणीय साहित्यकार बन्धुहरु !

मेरो साप्ताहिकले नेपाली साहित्यका विविध विधालाई आफ्नो प्रकाशनमा स्थान दिनका लागि मेरो साहित्य पृष्ठ सुरु गरेका छौं। यहाँहरुले आफ्ना अमूल्य रचनाहरु उपलब्ध गराई नेपाली साहित्यको श्रीवृद्धिमा सहयोग गर्नुहुनेछ भन्ने विश्वासका साथ हार्दिक अनुरोध गर्दछु।

यहाँका रचनाहरु भाइबर, ह्वाट्सएपबाट पनि पठाउन सक्नुहुनेछ।

सम्पर्क : ९८४१२१५२५०
meroweekly@gmail.com

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मेरो साप्ताहिक

१०.६९ प्रतिशत लाभांस बाँड्दै सगुन सहकारी

• **मेरो संवाददाता**

काठमाडौं/पाय सहकारीहरु समस्यासँग जुधिरहेको समयमा काठमाडौंको क्षेत्रपाटीमा रहेको सगुन सहकारीले भने १०.६९% लाभांस वितरण गर्ने भएको छ। शनिवार सम्पन्न सहकारीको २९ औं साधारणसभामा अध्यक्ष कृष्णनारायण महर्जनले यस वर्ष शेयर सदस्यहरुलाई लाभांस वितरणको प्रस्ताव गर्नुभएको थियो। जसलाई साधारणसभाले अनुमोदन गरेको थियो।

अध्यक्ष महर्जनले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै भन्नुभयो, 'यस आर्थिक बर्ष पनि कर्जा असुली, ब्याज आम्दानी लगानीबाट प्राप्त ब्याजले गर्दा सम्पूर्ण कारोबार पछि कुल नाफा रु २९५६९९५/५८ रहेको छ। यस बर्ष आम्दानी गरेको रु २९५६९९५/५८ मा नियमानुसार १०% ले हुने कर्मचारी बोनस रु २६८८१८।-कटाई बाँकी रहेको रकम रु २६८८१७७/५८ मा लेखा परिक्षकज्यूबाट निर्धारण गरे अनुसारको आय करको ब्यबस्थाको रकम रु २०२८१४/- कटाई बाँकी रकम रु २४८५३६३।५८ बाट बिभिन्न कोषमा तथा रु ९७९८२४/५८ लाभांश कोषमा राखिएकोले सो लाभांस कोषमा रहेको र गत बर्ष बाँडफाँड नगरिएको लाभांस रु १८४९३३। ९८ समेत गरी रु ११६४७५५८/५६ रकम कुल शेयर पूँजीको १०.६९% नगद लाभांस कर सहित बितरण गर्ने समितिको प्रस्तावलाई अनुमोदन गरि दिन हुन यस गरिमामय सभा समक्ष अनुरोध गर्दछु।'

यसैगरी उहाँले शेयर पूँजीमा बृद्धि न्युन देखिएकोले समय सापेक्ष बिकास गर्दै लानका लागि हाललाई प्रति शेयर सदस्य रु १००००/- (दश हजार) पुऱ्याउने लक्ष्य रहेको र यसका लागि शेयर सदस्यहरुलाई सहयोग गर्न अनुरोध गर्नुभयो।

साधारणसभाको क्रममा १६ जना ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो। जेष्ठ नागरिकहरुलाई नगद दुई हजारका साथमा दोसल्ला ओढाइ प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो।

यसैगरी एसईई र +२ मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीलाई नगद पाँच हजारका साथ सम्मान गरिएको थियो।

सहकारीले यस वर्ष पूर्ण नारायण डंगोल, प्रेम बहादुर श्रेष्ठ, हरिमिला गुप्ता, भुपालदास श्रेष्ठ, हरि प्रसाद काफ्ले शर्मा, विष्णुराम नकर्मी, लक्ष्मी श्रेष्ठ, हरि गोपाल श्रेष्ठ, पन्ना काजी शाक्य, उध्दव प्रसाद घिमिरे, महेश प्रसाद रौनियार, सावित्री बाँस्कोटा, विमला मानन्धर, शान्तकृष्ण मानन्धर, दिनेश राज पन्त र राम वहादुर दाहाललाई जेष्ठ सदस्यका रुपमा सम्मान गरेको छ। यसैगरी एसईईमा उत्कृष्ट अंक ल्याउने जुनु राजकर्णिकारको छोरा स्वनिंम राजकर्णिकार र लक्ष्मी उप्रेतीको छोरी प्राप्ती भेटवाल तथा १० + २ (१२ कक्षा) तर्फ शैलेसमान धौभडेलको छोरा प्रजित मान धौभडेललाई सम्मान गरेको छ। यसैगरी कर्मचारी सम्मान गोरखाका मन वहादुर गुरुङलाई प्रदान गरिएको छ। गुरुङ्ग सहकारीको सुरक्षक हुनुहुन्छ।

१२ वडामा बेकरी तालिम सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिका १२ वडाको आयोजनामा एक दिने बेकरी तालिम यही पुस २२ गते आइतवारबाट सुरु भएको छ। १२ वडाकी महिला सदस्य नानिहेरा डंगोलको संयोजकत्वमा भएको प्रशिक्षणको का.म.पा १२ वडाका अध्यक्ष बालकृष्ण महर्जनको प्रमुख आतिथ्यता आयोजना गरिएको थियो।

प्रशिक्षक शोभा थापाले प्रशिक्षण दिनु भएको कार्यक्रममा कुकिज, पफ, पाउरोटी, डुनोट र बर्थडे केक बनाउने तालिम सुरू गरिएको हो। प्रशिक्षणमा १२ वडाका ३० जना महिलाहरुको सहभागिता रहेको आयोजकले जनाएको छ।

नारी सचेतना केन्द्र, चल्खुको संयोजनमा भएको कार्यक्रममा वडा सदस्य पुष्परत्न प्रजापतिले पनि कार्यक्रमको सफलताको कामना गर्दै मन्तव्य राख्नुभएको थियो।

कार्यक्रम संयोजक नानीहेरा डंगोलले १२ वडाका महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि आफूहरुले यस कार्यक्रमको आयोजना गरेको र यसमा दिदीबहिनीहरुको उत्साहजनक सहभागिताले यस्ता कार्यक्रमहरु भविष्यमा पनि संचालन गर्न उत्साह दिएको बताउनु भयो। आइतवारबाट सुरु भएको तालिम यही पुस २६ गते बिहीवारसम्म संचालन हुनेछ।

वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- *आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं।*
- *वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं।*
- *वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं।*
- *श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं।*
- *श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा जाने कामदारहरुलेः*
  - *करारबमोजिम काम र सुविधा नपाउने,*
  - *विदेशी भूमिमा पीडित बन्नुपर्ने,*
  - *स्वदेश फर्कन कठिनाई हुने,*
  - *कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,*
  - *ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन्।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३९७४८९१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस्।

त्रिरत्न मानन्धर ९८४१३१६६३० सानुकाजी महर्जन ९८४१५६०६१०
स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८